नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग १३ गते २०१७ साल

श्री ५ को सरकार

अर्थमन्त्रालयको सूचना

नेपाल भारत वाणिज्य संधी अन्तर्गत निम्नलिखित भन्सारहरूमा पनि काम चालु भएकोले भारतमा केन्द्रीय अन्तःशुल्क लाग्ने माल सामानहरू पैठारी गर्दा स्वीकृत कार्य-प्रणाली बमोजिम ए. आर १ फारामद्वारा पैठारी गर्नु पर्दछ भन्ने श्री ५ को सरकारले मिति २०१७।६।५ मा निर्णय गरेकोले सबै सरकारी अड्डा र सर्बसाधारणको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(१) सर्लाही भन्सार
(२) ठोरी भन्सार
(३) कोइलाबास भन्सार
(४) कृष्णनगर भन्सार
(५) त्रिनगर भन्सार

आज्ञाले–
विश्वशंकर शुक्ल
श्री ५ को सरकारका सचिव,
अर्थमन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

भूलसुधार

गत कार्तिक २२ गतेको खण्ड १०, संख्या २८ को नेपाल गजेट भाग ४ मा प्रकाशित विदेशी मुद्रा खरीद विक्री दर सम्बन्धी अर्थ मन्त्रालयको सूचनाको छपाइमा निम्न लिखतानुसार भूल भएकोले भूलसुधार गरिएको छ।

पंक्ति	अशुद्ध (भएको)	शुद्ध (हुनुपर्न)
२.	निम्न खिंखित	निम्न लिखित
३.	निम्न खिखितानुसार ताकि दिएको छ	निम्न लिखितानुसार तोकि दिएको छ।
५.	१००,००	१००,००
७.	स्वीस फूंस १००,००	स्वीस फैंक १००,००
१२.	स्वीस फूंक	स्वीस फूंक

मैनेजर गो. प. छापाखाना

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६५६